# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०१।२९ गते

# प्रेस विज्ञप्ति

**विषय: आरोप-पत्र दायर गरिएको।**

-----------------------------------------------

श्री कोटहीमाई प्रा.वि., कपिलवस्तुका शिक्षिका नन्दनी श्रीवास्तवको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको भन्ने व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज शिक्षिका नन्दनी श्रीवास्तवले प्रा.वि शिक्षक पदमा नियुक्त हुनका लागि माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, भारतबाट हाइस्कुल उत्तीर्ण गरेको झुट्ठा शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी P.C.F. कोटाबाट प्रा.वि. शिक्षक पदमा नियुक्त भइ लाभ लिएको देखिएकोले निज शिक्षिका नन्दनी श्रीवास्तवले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएको हुँदा निजलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता